लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल ।
फोन नं. : ०८२-५४०८५०

प.सं. : २०८०।०८१ च.नं. : मिति : २०८०।०५।१५

## सहकारी संस्थाहरुको लेखा परीक्षण सम्बन्धी सुचना।

(प्रथम पटक प्रकाशन मितिः २०८०/०५/१५ गते)

लमही नगरपालिकामा कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको लेखा परीक्षण गर्ने सम्बन्धमा सहकारी ऐन, २०७४ को दफा ७५, ७६ र ७७ र लमही नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५४, ५५ र ५६ मा भएको व्यवस्था बमोजिम सहकारी संस्थाले प्रत्येक आर्थिक बर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गराउनु पर्ने भएकोले सहकारी संस्थाको लेखा परीक्षण निर्देशिका, २०७५ मा तोकिए बमोजिमको ढाँचामा लेखापरीक्षण सम्बन्धी कार्य २०८० असोज मसान्त भित्र गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ। उक्त निर्देशिका यस नगरपालिकाको वेभ साइट www.lamahimun.gov.np मा हेरी डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

साथै सहकारी संस्थाको आर्थिक बर्ष २०७९/८० को बार्षिक लेखापरीक्षण र संस्था विनियम संशोधन सम्बन्धी बिषयमा छलफल गर्नु पर्ने आवश्यक भएकोले सहकारी संस्थाको अध्यक्ष र व्यवस्थापकलाई तपशिल बमोजिम हुने बैठकमा अनिवार्य उपस्थिती हुनु हुन समेत अनुरोध छ।

तपशिलः

मितिः २०८०/०५/१९ गते, मंगलबार

समयः बिहान ११ बजे

स्थानः लमही नगरपालिकाको सभा हल, लमही, दाङ।

देवेन्द्र प्रसाद श्रेष्ठ
प्रमख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्तिः

अधिकृत श्री महेश थापा ठेडी, प्रशासन/सहकारी शाखा प्रमुख

सम्पर्क नं. ९८५७८६०८५०

# सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका

२०७५

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँबानेश्वर, काठमाडौं

**<u>प्रकाशक</u>**
नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँवानेश्वर, काठमाडौँ
तार : ९७७-०१-४४६५३६२; ४४६११७७
छवि : ९७७-०१-४४६५५१७
मञ्जुषा : sahakaribivag@gmail.com
गृह पन्ना : www.deoc.gov.np

२०७५ भदौ (७,५००)

**<u>मुद्रक</u>**
एस. फाइभ प्रिन्टर्स
काठमाडौँ
सम्पर्क : ९८५१०५४३१३

नेपाल सरकार (मन्त्रीस्तर) बाट स्वीकृत मिति: २०७५ /५/७

# सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५

**प्रस्तावना** : सहकारी ऐन, २०७४ मा भएका व्यवस्थाबमोजिम सहकारी संस्थाहरूको लेखापरीक्षण गर्ने, गराउने कार्यलाई सुव्यवस्थित तुल्याउन वाञ्छनीय भएकाले,

ऐनको दफा १५१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,—

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले ऐनअन्तर्गत बनेको नियमावली सम्झनुपर्दछ ।

(ग) "नियामक निकाय" भन्नाले सहकारी संस्थाको नियमन क्षेत्राधिकारबमोजिम विभाग वा प्रदेश सरकारको मन्त्रालय, विभाग वा कार्यालय वा स्थानीय तह वा स्थानीय तहको विभाग वा कार्यालय सम्झनुपर्दछ ।

(घ) "प्रादेशिक कानुन" भन्नाले प्रदेशको सहकारी ऐन सम्झनुपर्दछ र सो शब्दले त्यस्तो ऐनअन्तर्गत बनेको नियमावलीसमेतलाई जनाउनेछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनुपर्दछ ।

(च) "रजिष्ट्रार" भन्नाले विभागको रजिष्ट्रार सम्झनुपर्दछ ।

(छ) "लेखापरीक्षक" भन्नाले ऐनको दफा ७६ को उपदफा (१) वा दफा ७५ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम सहकारी संस्थाको लेखापरीक्षण गर्न नियुक्त भएको लेखापरीक्षक सम्झनुपर्दछ ।

(ज) "विभाग" भन्नाले सहकारी विभाग सम्झनुपर्दछ ।

(झ) "स्थानीय कानुन" भन्नाले स्थानीय तहको सहकारी ऐन सम्झनुपर्दछ र सो शब्दले त्यस्तो ऐनअन्तर्गत बनेको नियमावलीसमेतलाई जनाउनेछ ।

३. **लेखापरीक्षक नियुक्तिको जानकारी पठाउनुपर्ने** : (१) सहकारी संस्थाले ऐनको दफा ७६ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम तोकिएको समयभित्र लेखापरीक्षण सम्पन्न गराउने गरी लेखापरीक्षक नियुक्त गरी अनुसूची १ को ढाँचामा सोको जानकारी तीन दिनभित्र नियामक निकायमा पठाउनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण नियुक्तिको जानकारी पठाउँदा सहकारी संस्थाले देहायका कागजातसमेत संलग्न गर्नुपर्दछ :-

(क) लेखापरीक्षकको नाम र ठेगाना,

(ख) विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नाम र ठेगाना,

(ग) लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्रको प्रतिलिपि,

(घ) भएसम्म लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त (टर्म्स अफ रेफेरेन्स),

(ङ) लेखापरीक्षकको नियुक्तिका साथै पारिश्रमिक तोक्ने सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,

(च) लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(छ) ऐनको दफा ७७ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम लेखापरीक्षकले सहकारी संस्थामा पेस गरेको आफू लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका प्रारम्भ हुनुअगावै लेखापरीक्षक नियुक्त गरेको

सहकारी संस्थाले यो निर्देशिका प्रारम्भ भएको मितिले सात दिनभित्र त्यस्तो नियुक्तिको जानकारी पठाउन सक्नेछ ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनका लागि विभाग वा नियामक निकायमा दर्ता भएको वा हुलाकबाट रजिष्ट्री गरेको मितिलाई जानकारी गराएको मिति मानिनेछ ।

४. **<u>निर्देशन दिन सक्ने</u>** : (१) दफा ३ बमोजिम प्राप्त जानकारीका आधारमा कुनै सहकारी संस्थाले नियुक्त गरेको लेखापरीक्षक ऐनको दफा ७७ को उपदफा (१) वा अन्य दफा वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम लेखापरीक्षकमा नियुक्त हुन अयोग्य देखिएमा वा त्यस्तो नियुक्ति रीतपूर्वक भएको नदेखिएमा नियामक निकायले तत्सम्बन्धमा जो-चाहिने बुझी अयोग्यताको वा रीत नपुगेको बेहोरा खुलाएर सहकारी संस्थालाई सात दिनभित्र अर्को लेखापरीक्षक नियुक्त गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन प्राप्त भएकोमा सहकारी संस्थाले ऐनको दफा ७६ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम अर्को लेखापरीक्षक नियुक्त गरी दफा ३ बमोजिम सोको जानकारी दिनुपर्दछ ।

५. **<u>विद्युतीय सञ्चार माध्यमको उपयोग गर्न सकिने</u>** : दफा ३ बमोजिम सहकारी संस्थाले लेखापरीक्षक नियुक्तिको जानकारी पठाउँदा वा दफा ४ बमोजिम नियामक निकायले निर्देशन दिँदा सहकारी

संस्था वा नियामक निकायको आधिकारिक वा सहकारी संस्था वा नियामक निकायले तोकेको ठेगानामा प्राप्त हुने गरी इमेल, एकीकृत सूचना प्रणाली वा अन्य विद्युतीय सञ्चार माध्यमको उपयोग गर्न सकिनेछ ।

६. **अभिलेख खडा गर्नुपर्ने** : नियामक निकायले आफ्नो नियमन क्षेत्राधिकारका सहकारी संस्थाहरूले ऐनको दफा ७६ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराए, नगराएको वा गर्ने व्यवस्था मिलाए, नमिलाएको सम्बन्धमा देहायका विवरण खुल्ने गरी अभिलेख राख्नुपर्दछ :-

(क) दफा ३ बमोजिम जानकारी पठाएका र नपठाएका सहकारी संस्थाहरूको सङ्ख्या एवं नाम, नामेसी,

(ख) दफा १३ बमोजिम साधारण सभाबाट अनुमोदन गरिएको लेखापरीक्षण प्रतिवेदन प्राप्त भएका सहकारी संस्थाहरूको सङ्ख्या एवं नाम, नामेसी,

(ग) विभिन्न कारणले निर्धारित अवधिभित्र लेखापरीक्षण नगराएका सहकारी संस्थाहरूको सङ्ख्या एवं निर्धारित अवधिभित्र लेखापरीक्षण गराउन नसक्नाको कारणका साथै भइरहेको प्रयासको टिपोटसहितको नाम, नामेसी,

(घ) दफा ९ बमोजिम नियामक निकायबाट लेखापरीक्षक नियुक्त गरिएका सहकारी संस्थाहरूको सङ्ख्या एवं नाम, नामेसी ।

७. **<u>प्रतिवेदन पठाउनुपर्ने</u>** : दफा ६ बमोजिम खडा गरिएको अभिलेखका आधारमा प्रत्येक अघिल्लो आर्थिक वर्षको लेखापरीक्षणको अवस्था जनिने गरी चालु आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा स्थानीय नियामक निकायले प्रादेशिक नियामक निकायका साथै विभागमा र प्रादेशिक नियामक निकायले विभागमा अनुसूची २ को ढाँचामा आफ्नो नियमन क्षेत्राधिकारअन्तर्गतका सहकारी संस्थाहरूको अद्यावधिक प्रतिवेदन पठाउनुपर्दछ ।

(२) विभागले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदनसमेतका आधारमा एकीकृत अभिलेख खडा गरी प्रत्येक पछिल्लो महिनाको १५ गतेभित्र मन्त्रालयमा प्रतिवेदन पठाउनुपर्दछ ।

८. **<u>सूचना दिन सक्ने</u>** : दफा ६ बमोजिम खडा गरिएको अभिलेखबाट देहायको अवस्था देखिएकोमा नियामक निकायले देहायबमोजिम गर्न, गराउन सम्बन्धित सहकारी संस्थालाई सूचना दिन सक्नेछ :-

(क) लेखापरीक्षक नियुक्तिको जानकारी नपठाएका सहकारी संस्थाहरूलाई जानकारी पठाउन,

(ख) साधारण सभाबाट अनुमोदन गरिएको लेखापरीक्षण प्रतिवेदन नपठाएका सहकारी संस्थाहरूलाई प्रतिवेदन पठाउन,

(ग) कुनै कारणले निर्धारित समयभित्र लेखापरीक्षण सम्पन्न गराउने गरी कार्यारम्भ नगरेका सहकारी संस्थाहरूलाई

निर्धारित समयभित्रै लेखापरीक्षण सम्पन्न गराउने गरी कार्यारम्भ गर्न ।

तर यस दफाबमोजिम सूचना नपाएकै कारणबाट ऐनको दफा ७५ र ७६ वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम निर्धारित समयभित्र लेखापरीक्षण गराउने दायित्वबाट सहकारी संस्था पन्छिन सक्ने छैन ।

९. **लेखापरीक्षक नियुक्त गरिदिनुपर्ने** : दफा ८ को खण्ड (ग) बमोजिम सूचना दिइएको वा नदिइएको अवस्थामा पनि ऐनको दफा ७५ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम लेखापरीक्षण नगराएको वा ऐनको दफा ७६ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम लेखापरीक्षकको नियुक्तिसमेत नगरेको सहकारी संस्थाको हकमा नियामक निकायले ऐनको दफा ७५ को उपदफा (३) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम लेखापरीक्षकको पारिश्रमिक सम्बन्धित सहकारी संस्थाले व्यहोर्न सक्ने अवस्था भएमा ऐनको दफा ७५ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम लेखापरीक्षक नियुक्त गरिदिनुपर्दछ ।

१०. **लेखापरीक्षकको कर्तव्य** : सहकारी संस्थाका साधारण सदस्यहरूको हितलाई ध्यानमा राखी स्वतन्त्र, निर्भीक एवं पेसागत अनुशासनका अधीन भएर आर्थिक कारोबारहरूको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा औचित्यसमेतको जाँच गर्नुका साथै व्यावसायिक सेवा सञ्चालनबाट उत्पन्न वित्तीय

परिणामहरू, जोखिमावस्था तथा सावधानीजनक मानकहरूको पालनाको लेखाजोखा गरी स्थिति विवरण-पत्रले सहकारी संस्थाको सम्पत्ति तथा दायित्वको साँचो र मुनासिब अवस्था दर्साए, नदर्साएको निष्कर्षसहित प्रतिवेदन दिने कर्तव्य लेखापरीक्षकको हुनेछ ।

११. **<u>लेखापरीक्षकलाई सहयोग गर्नुपर्ने</u>** : सहकारी संस्थाले लेखापरीक्षकलाई दफा १० बमोजिम आफ्नो कर्तव्य पालनाका सिलसिलामा निजले मागेको सहकारी संस्थाको कारोबार, रकमकलम, श्रीसम्पत्ति, रिनधन, लेनादेना हिसाबको खाताबही, सम्पुष्टिजनक विवरण, लगतसमेतका स्रेस्ता र कार्यसञ्चालनको विधि, प्रविधि, प्रलेख एवं तत्सम्बन्धी सम्पूर्ण जानकारी उपलब्ध गराएर सहयोग गर्नुपर्दछ ।

तर सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम गोप्य रहने सूचना तथा कागजात दिन आवश्यक हुने छैन ।

१२. **<u>सामान्य मानक</u>** : (१) सहकारी संस्थाको लेखापरीक्षकले लेखापरीक्षणका सर्वमान्य पेसागत मानक तथा समय-समयमा प्रचलित कानुनबमोजिम जारी नेपाल लेखापरीक्षण मानदण्डहरू (नेपाल स्टयान्डर्डस अन अडिटिङ) लगायतका राष्ट्रिय पेसागत मानकको पालना गर्नुका अतिरिक्त देहायबमोजिम गर्नुपर्दछ :-

(क) सहकारी सिद्धान्त, मूल्य, मान्यतासम्मत काम-कारोबार भए, नभएको जाँच गर्ने,

(ख) लेखापालनमा ऐनको दफा ७४ बमोजिम लेखामान, खाता संरचना र सर्त-व्यवस्था लागू गरे, नगरेको जाँच गर्ने,

(ग) आर्थिक काम-कारोबारमा सहकारी कानुन तथा प्रचलित कानुनका व्यवस्थाहरूको पालना गरे, नगरेको जाँच गर्ने,

(घ) ऐनको दफा ६८, ६९ र ७० को व्यवस्थाबमोजिमका कोषहरूमा आर्थिक वर्षको खुद बचत रकम जम्मा गरे, नगरेको जाँच गर्ने ।

(२) ऐन र प्रचलित कानुनमा आयकर छुटका सम्बन्धमा पृथक् प्रावधानका कारण तिर्नुपर्ने आयकरको लेखाङ्कनमा द्विविधा रहेकोमा सहकारी संस्थाले आर्थिक वर्षको आफ्नो खुद बचत रकमको हिसाबमा प्रचलित कानुनबमोजिम आयकर लाग्नेमा प्रचलित कानुनबमोजिम आयकरबापत तिर्नुपर्ने रकमको गणना गरी आयकरका लागि व्यवस्था गरेपछि ऐनको दफा ६८, ६९ र ७० को व्यवस्थाबमोजिमका कोषहरूमा रकम जम्मा गरेको भए लेखापरीक्षकले तत्सम्बन्धमा पछि निरूपण भएबमोजिम समायोजन गर्ने गरी हाल तदनुसार नै लेखापरीक्षण गरिदिनुपर्दछ ।

**१३. <u>लेखापरीक्षण प्रतिवेदन</u> :** (१) लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरेको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन सहकारी संस्थाको व्यवस्थापकीय प्रतिक्रियाका लागि पठाउनुपर्दछ ।

(२) पचास करोड रुपैयाँभन्दा बढी बचत परिचालन गरेको सहकारी संस्थाको हकमा लेखापरीक्षकले उपदफा (१) बमोजिमको प्रारम्भिक प्रतिवेदन नियामक निकायमा समेत पठाउनुपर्दछ ।

(३) लेखापरीक्षकले उपदफा (१) वा (२) बमोजिम प्रारम्भिक प्रतिवेदन पठाएको सात दिनभित्र  व्यवस्थापकीय र नियामक प्रतिक्रिया प्राप्त भएकोमा उपयुक्त लागेको परिमार्जनसहित अर्को सात दिनभित्र संस्थामा अन्तिम प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले उपदफा (३) बमोजिम पेस हुन आएको प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएको पन्ध्र दिनभित्र नियामक निकायमा पठाउनुपर्दछ ।

(५) पचास करोड रुपैयाँभन्दा बढी बचत सङ्कलन गरेको सहकारी संस्थाले उपदफा (४) बमोजिमको प्रतिवेदन सम्बन्धित नियामक निकायमार्फत विभागमा समेत पठाउनुपर्दछ ।

**१४. <u>लामो फाराम लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने</u> :** (१) पाँच करोड रुपैयाँभन्दा बढी बचत सङ्कलन गरेको सहकारी संस्थाको लेखापरीक्षकले वार्षिक लेखापरीक्षण प्रतिवेदनका अतिरिक्त कार्यसञ्चालनसम्बन्धी देहायका सरोकारमा विशेषतः ध्यान दिएर अनुसूची ३ को ढाँचामा लामो फाराम लेखापरीक्षण प्रतिवेदन

(लङ फर्म अडिट रिपोर्ट) तयार पारी नियामक निकायमा पेस गर्नुपर्दछ :-

(क) सदस्य केन्द्रीयता,

(ख) आन्तरिक नियन्त्रण,

(ग) आयव्ययमा नियमितता,

(घ) वित्तीय अवस्था,

(ङ) नियामक परिपालना,

(च) खास लेखापरीक्षकीय विषयवस्तु ।

(२) उपदफा (१) बमोजिमको लामो फाराम लेखापरीक्षण प्रतिवेदन वार्षिक लेखापरीक्षण प्रतिवेदनभन्दा छुट्टै रूपमा तयार पार्नुपर्दछ तथा दुई प्रतिवेदनमा कुनै किसिमको अर्कोतर्फी निर्देश (क्रस रेफेरेन्स) गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिमको लामो फाराम लेखापरीक्षण प्रतिवेदन वार्षिक लेखापरीक्षण प्रतिवेदन पेस गरेको एक्काइस दिभित्र पेस गरिसक्नुपर्दछ ।

**१५. <u>लेखापरीक्षण प्रतिवेदनविना वार्षिक साधारण सभा बोलाउन नहुने</u> :** सहकारी संस्थाले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण नगराई वा त्यस्तो प्रतिवेदन अनुमोदनका लागि विचारार्थ पेस नगर्ने गरी ऐनको दफा ३९ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम वार्षिक साधारण सभा बोलाउनु हुँदैन ।

तर यसमा लेखिएको कुनै कुराले लेखापरीक्षण गराउने वा अन्य आवश्यक कार्यका सिलसिलामा प्रारम्भिक वा विशेष साधारण सभा बोलाउन बाधा पर्ने छैन ।

१६. **लेखापरीक्षण प्रतिवेदन प्रकाशन गर्नुपर्ने** : सहकारी संस्थाले आफ्नो वार्षिक प्रतिवेदनमा लेखापरीक्षण प्रतिवेदनसमेत प्रकाशन गर्नुपर्दछ ।

तर पाँच करोड रुपैयाँभन्दा कम "जायजात" भएका सहकारी संस्थाले वार्षिक प्रतिवेदन नछपाएको भए सदस्यले मागेका बखत लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि "जायजात" भन्नाले सहकारी संस्थाको स्थिति विवरण-पत्रबमोजिमको कुल सम्पत्ति सम्झनुपर्दछ ।

१७. **लेखापरीक्षकको आचार संहिता** : लेखापरीक्षकले इमान, वस्तुपरकता, निरन्तर प्रशिक्षा, मानकहरूको पालना, गोपनीयता, पेसादर्शितालगायत लेखापरीक्षकका सर्वमान्य आचार संहिताका साथै प्रचलित कानुनअन्तर्गत नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी आचार संहिताको पालना गर्नुपर्दछ ।

१८. **खुलासा गर्नुपर्ने** : (१) लेखापरीक्षकले दफा ११ बमोजिम सहयोग नपाएको वा अभिलेखको अभाव वा अन्य किसिमको कठिनाइका कारण अपेक्षित विस्तृतिमा प्रतिवेदन दिन नसकेको वा खास लेखापरीक्षकीय सरोकारको विषयवस्तुमा निष्कर्षमा पुग्न नसकेको

भए प्रतिवेदनमा तत्सम्बन्धी संक्षिप्त बेहोरासहितको खुलासा गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको खुलासा वार्षिक लेखापरीक्षण वा लामो फाराम लेखापरीक्षण जुनसँग सम्बन्धित हो सोही प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

१९. **<u>लेखापरीक्षण गर्नमा प्रतिबन्ध</u>** : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा नियामक निकायमा कार्यरत कर्मचारी वा सङ्घीय संसद्, प्रदेश सभा, जिल्ला सभा, नगर सभा वा गाउँ सभामा निर्वाचित वा मनोनीत भई पदमा बहाल रहेको व्यक्तिले सहकारी संस्थाको लेखापरीक्षकमा नियुक्त हुन वा नियुक्त भएको अर्को लेखापरीक्षकको नाममा लेखापरीक्षण गर्न वा अप्रत्यक्ष रूपमा त्यस्तो लेखापरीक्षकको काममा संलग्न हुन सक्ने छैन ।

२०. **<u>कारबाई गर्न सक्ने</u>** : (१) सहकारी संस्थाले यस निर्देशिकाबमोजिम लेखापरीक्षण नगराएको खण्डमा नियामक निकायले ऐनको दफा १२५ को उपदफा (२) को खण्ड (क) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम जरिबाना गर्न सक्नेछ ।

(२) लेखापरीक्षकले प्रचलित कानुनका साथै दफा १७ मा उल्लिखित आचार संहिताविपरीत कार्य गरेकोमा वा दफा १० बमोजिम आफ्नो कर्तव्य पालना नगरेकोमा नियामक निकायले त्यस्तो लेखापरीक्षकको अभिलेख राखी प्रचलित

कानुनबमोजिम कारबाईका लागि सम्बन्धित निकायमा लेखिपठाउन सक्नेछ ।

(३) प्रादेशिक तथा स्थानीय नियामक निकायहरूले उपदफा (२) बमोजिम अभिलेख राखिएका लेखापरीक्षकहरूको विवरण एकीकृत अभिलेख खडा गर्ने प्रयोजनका लागि विभागमा समेत पठाउनुपर्दछ ।

२१. **ऐनबमोजिम सजाय हुने** : दफा २० मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १२२ को खण्ड (थ) मा वा प्रादेशिक वा स्थानीय कानुनमा व्यवस्था भएको कसुरका हकमा सोहीबमोजिम हुनेछ ।

२२. **सहकार्य गर्न सक्ने** : मन्त्रालय, विभाग वा प्रादेशिक वा स्थानीय नियामक निकायले लेखापरीक्षकमाझ सहकारी संस्थाको लेखापरीक्षणका सिलसिलामा ध्यानयोग्य सहकारी सिद्धान्त, मूल्य, मान्यताहरूको ज्ञान बढाउने, परिवर्तित खाता संरचना, लेखामान तथा नियामक निर्देशनहरूको जानकारी दिलाउने र लेखापरीक्षणसँग सम्बन्धित सैद्धान्तिक एवं व्यावहारिक प्रश्नहरूमा परामर्श गरी लेखापरीक्षणको स्तरोन्नति गराउने हेतुले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालगायतका संस्था वा निकायहरूसँग अन्तरक्रिया, अभिमुखीकरण, अभिलेखीकरणसमेतका कामकुरामा सहकार्य गर्न सक्नेछ ।

२३. **वैकल्पिक लेखापरीक्षक नियुक्त गर्न सक्ने** : (१) ऐनको दफा ७६ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनको

व्यवस्थाबमोजिम सहकारी संस्थाको साधारण सभाले लेखापरीक्षकको नियुक्ति गर्दा मुनासिब कारण परी नियुक्त गरेको लेखापरीक्षकले लेखापरीक्षण गर्न नसक्ने भएको खण्डमा निजले पाउने पारिश्रमिक तथा सुविधा नै पाउने गरी लेखापरीक्षण गराउन वैकल्पिक लेखापरीक्षकसमेत नियुक्त गरिराख्न सक्नेछ ।

(२) सहकारी संस्थाले दफा ३ बमोजिम नियामक निकायमा लेखापरीक्षक नियुक्तिको जानकारी पठाउँदा उपदफा (१) बमोजिम वैकल्पिक लेखापरीक्षक नियुक्त गर्नुपरेकोमा वैकल्पिक लेखापरीक्षक नियुक्त गर्नुपर्नाको कारणसमेत खुलाउनुपर्दछ ।

२४. **<u>बाधा, अड्काउ फुकाउन सक्ने</u>** : यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै कुरा प्रस्ट नभएको कारणबाट लेखापरीक्षण गराउनमा कुनै द्विविधा परी वा अन्यथा बाधा, अड्काउ परेकोमा नियामक निकायले उपयुक्त निकास दिएर फुकाइदिन सक्नेछ ।

तर त्यसरी बाधा, अड्काउ फुकाउँदा ऐन, प्रादेशिक वा स्थानीय कानुनको कुनै व्यवस्था वा लेखापरीक्षणका सर्वमान्य सिद्धान्तको विपरीत गर्नु हुँदैन ।

२५. **<u>निर्देशिकाबमोजिम गर्न, गराउन सक्ने</u>** : प्रादेशिक वा स्थानीय कानुन नबनिसकेको अवस्थामा समेत प्रादेशिक वा स्थानीय नियामक निकायले सहकारी संस्थाको लेखापरीक्षणको रोहमा यो निर्देशिकाबमोजिम गर्न, गराउन सक्नेछ ।

२६. **<u>व्याख्या गर्ने अधिकार</u>** : यो निर्देशिकाको व्याख्या गर्ने अधिकार रजिष्ट्रारमा रहनेछ ।

# अनुसूची १

## लेखापरीक्षक नियुक्तिको जानकारी दिने पत्रको ढाँचा

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

मिति : २०.../.../...

**विषय : लेखापरीक्षक नियुक्तिको जानकारी ।**

श्री ... ... ... ज्यू !

... ... ...।

यस संस्था / सङ्घ / बैङ्कको आर्थिक वर्ष २०.../... को लेखापरीक्षण गर्न मिति २०.../.../... मा ... ... .... स्थित श्री ... ... ... ... ... लाई लेखापरीक्षकमा नियुक्त गरिएको बेहोरा जानकारी गराएको छु । नियुक्तिसँग सम्बन्धित तपसिलबमोजिमका कागजात यसै पत्रसाथ संलग्न छन् ।

भवदीय,

दस्तखत :

नाम :

पद :

**<u>तपसिल</u>**

☐ विगत तीन वर्षमा नियुक्त लेखापरीक्षकहरूको नाम, ठेगाना,

☐ नियुक्ति तथा पारिश्रमिकका सम्बन्धमा साधारण सभाको निर्णयको प्रतिलिपि,

☐ लेखापरीक्षकको लेखापरीक्षण इजाजत–पत्रको प्रतिलिपि,

☐ लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

☐ लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षकमा नियुक्तिका लागि अयोग्य नभएको बेहोराको लिखित जानकारीको प्रतिलिपि ।

**द्रष्टव्य** : १. लेखापरीक्षकको कार्यक्षेत्रगत सर्त □ संलग्न छ □ सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

२. वैकल्पिक लेखापरीक्षक नियुक्ति गरिएको भए सोको कारण : ....................
..................................................................................................

## अनुसूची २

## लेखापरीक्षक नियुक्ति प्रतिवेदनको ढाँचा

(दफा ७ सँग सम्बन्धित)

प्रतिवेदन पठाउने कार्यालय : ... ... ...

प्रतिवेदन पठाएको कार्यालय : ☐ सहकारी विभाग ☐ ... ... ...

प्रतिवेदन अवधि : २० ... ☐ साउन–असोजसम्म ☐ साउन–पुससम्म

☐ साउन–चैतसम्म ☐ साउन-असारसम्म

| सि.नं. | विवरण | रु. ५ करोडभन्दा बढी बचत भएका प्रारम्भिक संस्था | रु. ५ करोडभन्दा घटी बचत भएका प्रारम्भिक संस्था | सङ्घ | बैङ्क | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नियमन क्षेत्राधिकारका जम्मा सहकारी संस्था | | | | | | |
| १.१ | सक्रिय | | | | | | |
| १.२ | निष्क्रिय | | | | | | |
| २. | लेखापरीक्षक नियुक्तिको जानकारी पठाउने | | | | | | |
| २.१ | सङ्ख्या | | | | | | |
| २.२ | प्रतिशत (१.१ को) | | | | | | |
| ३. | साधारण सभाबाट अनुमोदित लेखापरीक्षण प्रतिवेदन पठाउने | | | | | | |
| ३.१ | सङ्ख्या | | | | | | |
| ३.२ | प्रतिशत (२.१ को) | | | | | | |
| ४. | लामो फाराम लेखापरीक्षण प्रतिवेदन पठाउने | | | | | | |
| ४.१ | सङ्ख्या | | – | | | | |
| ४.२ | प्रतिशत (२.१ को) | | – | | | | |
| ५. | प्रतिवेदन गर्दाका बखतसम्म पनि लेखापरीक्षण गराउन नसक्ने | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.१<br>५.२<br><br>५.३ | सङ्ख्या<br>प्रयास गरिरहेकाको सङ्ख्या<br>प्रयास गरिरहेकाको प्रतिशत (५.१ को) | | | | | | |
| ६. | नियामक निकायबाट लेखापरीक्षक नियुक्त गरिएका संस्था सङ्ख्या | | | | | | |
| ७. | थप उल्लेखनीय कामकुरा | | | | | | |

**तयार गर्ने**

दस्तखत :

नाम :

पद :

**प्रमाणित गर्ने**

दस्तखत :

नाम :

पद :

## अनुसूची ३

## लामो फाराम लेखापरीक्षण प्रतिवेदनको ढाँचा

(दफा १४ सँग सम्बन्धित)

**श्री ... ... ... सहकारी ... ... लि. को**

**लामो फाराम लेखापरीक्षण प्रतिवेदन**

**आर्थिक वर्ष : २० ... / ...**

लेखापरीक्षक

... .... ...

... ... ...

... ... ...

# भाग १
# परिचय

**१. लेखापरीक्षण टोली**

- प्रमुख तथा सदस्यहरू
- फर्मका साथै प्रमुख तथा सदस्यहरूको स्वतन्त्रताको स्व-घोषणा

**२. लेखापरीक्षण पहुँच**

- पालना गरिएका मानकहरू
- लेखापरीक्षकीय जोखिम लेखाजोखा तथा अपनाइएका अल्पीकरण (मिटिगेसन) का उपायहरू
- नमुना तथा छनौट प्रक्रिया
- विधिगत सीमा

**३. कार्ययोजना कार्यान्वयनमा टिप्पणी**

- व्यवस्थापकीय सहयोग
- अभिलेखको पर्याप्तता

# भाग २
# सदस्य केन्द्रीयता

४. **सहकारी संस्थाको कार्यक्षेत्र** (दर्ता हुँदाको, पछि विस्तार भएको वा ऐनको दफा १८ वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम पुनः निर्धारण भएकोमा सोसमेत जनिने गरी हाल कायम रहेको कार्यक्षेत्रको विवरण)

५. **कार्यक्षेत्र केन्द्रीयता** (मौजुदा कार्यक्षेत्रभित्र र बाहिर छुट्टिने गरी सदस्य सङ्ख्याका साथै सङ्कलित बचत तथा लगानीमा रहेको ऋणको विवरण)

६. **गैरसदस्यीय कारोबार** (सदस्य र गैरसदस्यसँग सङ्कलित बचत र लगानीमा रहेको ऋणको विवरण)

७. **कृत्रिम व्यक्तिको सदस्यता** (ऐनको दफा ३० को उपदफा (२) र (३) वा प्रदेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिमका र त्यस बाहेकका अन्य कृत्रिम व्यक्तिको सदस्यताको नाम, नामेसी, ऐनको दफा ३२ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम त्यसयता हालसम्म

सदस्यता अन्त्य गरिएका कृत्रिम व्यक्तिहरूको नाम, नामेसी र हाल कायम रहेका कृत्रिम व्यक्ति सदस्यहरूसँग सङ्कलित बचत, उठाउन बाँकी ऋण तथा अन्य लगानीको नाम, नामेसीसहितको विवरण)

८. **दोहोरो सदस्यता** (ऐनको दफा ३२ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम त्यसयता हालसम्म अर्को सहकारी संस्थासँग दोहोरो परी यतापट्टि सदस्यता अन्त्य गरिएका सदस्यहरूको सङ्ख्या)

९. **ऋणका खातिर सदस्यता** (ऋण लिने सिलसिलामा सदस्य बनेर ऋण चुक्ता भएपछि सदस्यता अन्त्य गरेका व्यक्तिहरूको यथासम्भव नमुना छनौट जाँचका आधारमा विवरण)

१०. **लक्षित सदस्यता** (महिला, न्यून आय समूह, अपाङ्गता भएका व्यक्ति, दलित समुदायलगायतको वर्गीकृत सदस्य सङ्ख्याका साथै प्रतिसदस्य औसत बचत रकमभन्दा बढी र घटी बचत गर्ने सदस्य सङ्ख्याको अनुपातमा समेत लक्षित वर्गमा सहकारी संस्था आधारित भए, नभएको आङ्कलन)

११. **निष्क्रिय सदस्यता** (विगत तीनोटा वार्षिक साधारण सभाको औसत उपस्थिति र तत्काल कायम रहेका सदस्यहरूको औसत सङ्ख्याको अनुपातसमेतका आधारमा निष्क्रिय सदस्यताको आङ्कलन र ऐनको दफा ३४ को उपदफा (१) को खण्ड (ख) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम त्यस्ता सदस्यहरूको सदस्यता अन्त्य गरिएको विवरण)

१२. **सदस्य केन्द्रीयताको स्तराङ्कन** (विभागबाट स्वीकृत सदस्य केन्द्रीयता सूचकाङ्कमा सहकारी संस्थाको मानका साथै यस भागका माथिका बुँदा एवं विवरणसमेतको आधारमा सहकारीपनको ज्ञापकका रूपमा सदस्य केन्द्रीयताको अवस्थामा राय)

## भाग ३
## आन्तरिक नियन्त्रण

१३. **नगदको सुरक्षा** (राखनधरनको सीमा, दोहोरो ताल्चा व्यवस्था, सुरक्षा प्रबन्ध, काउन्टर, ढुकुटी औ स्थानान्तरण बिमा, अन्यत्रको मौज्दातको अवस्था आदि)

१४. **तरलता व्यवस्था** (नीति, अनुपात, संरचना आदि)

१५. **ऋण कार्यविधि** (ऋण नीति, ऋण आवश्यकताको लेखाजोखा, कागजात छानबिन प्रक्रिया, धितोको मूल्याङ्कन, ऋणको व्यक्तिगत सीमाङ्कन आदि)

१६. **सूचना प्रविधिको उपयोगमा नियन्त्रण** (प्राविधिक भरपर्दोपन, कार्यविधिमा आन्तरिक जाँच (इन्टरनल चेक) बिन्दुहरूका साथै जाँचकीय स्वतन्त्रता (इन्डेपेन्डेन्स) का निर्धारक, प्रशासकीय प्रत्याभूति, कर्मचारीको प्रशिक्षण, जवाफदेही स्थापना आदि)

१७. **सम्भावित बेइमानी नियन्त्रण** (अनधिकृत निर्णय, अनियमित कारोबार, अनौपचारिक प्रभाव आदिका कारण हुन सक्ने अपचलन, हिनामिना, आर्थिक शोषण, मोलाहिजा, धोकाबाजी आदिको रोकथामका लागि स्थापित व्यवस्थाहरूको पर्याप्तता)

१८. **शाखा वा सेवा केन्द्रको सञ्चालन** (शाखा वा सेवा केन्द्रहरूको सङ्ख्या, कारोबारको आयतन, सञ्चालकीय स्वायत्तता, प्रतिवेदन प्रणाली, सुपर्यवेक्षणको नियमितता आदि)

१९. **आन्तरिक लेखापरीक्षण** (आन्तरिक लेखापरीक्षकको व्यवस्था, आन्तरिक लेखापरीक्षणको नियमितता, लेखा सुपरिवेक्षण समितिको प्रभावकारिता आदि)

२०. **आन्तरिक नियन्त्रणको पर्याप्तता** (यस भागका माथिका बुँदासमेतको लेखाजोखाका आधारमा सहकारी संस्थाको सुशासनको आधारभूत सर्तको रूपमा आन्तरिक नियन्त्रणको अवस्थामा राय)

## भाग ४

## आयव्ययमा नियमितता

२१. **सेवा शुल्क** (सेवा शुल्कका दर, सम्बन्धित सेवा खर्च र शुल्कको दरमा तादात्म्य, समान अवस्थामा दरमा एकरूपता, ऐनको दफा ५० को उपदफा (३) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम तोकिएकोमा सोको पालना आदि)

२२. **नवीकरण शुल्क** (नवीकरण शुल्कको व्यवस्था, त्यस्तो व्यवस्थाको औचित्य, दरमा न्यायसङ्गति, समान अवस्थामा दरमा एकरूपता, ऐनको दफा ५० को उपदफा (३) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम तोकिएकोमा सोको पालना आदि)

२३. **ब्याजदर संरचना** (बचत र ऋणको प्रयोजनअनुसारको ब्याजदर, बचत र ऋणको ब्याजदरमा औसत एवं बिन्दुगत (स्ल्याब) अन्तर, ऐनको दफा ५० को उपदफा (४) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिमको अधिकतम

अन्तरको पालना, ब्याजदरमा न्यायसङ्गति, ऐनको दफा ५१ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम निर्धारित सन्दर्भ ब्याजदरको पालना आदि)

२४. **हर्जाना** (हर्जानाको दर, दरमा न्यायसङ्गति, समान अवस्थामा दरमा एकरूपता आदि)

२५. **अनधिकृत असुली** (ऐनको दफा ५० को उपदफा (५) वा प्रादेशिक वा स्थानीय कानुनको ऋणमा लाग्ने ब्याजलाई मूलधनमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन नहुने, दिएको ऋणको रकमबाटै पहिलो किस्ता वा सेयरको रकमबापत भनी कट्टा गरी लिन नहुने र साथै ऐनको दफा ६३ को उपदफा (४) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाविपरीत सेयरमा प्रिमियमबापत भनी थप रकम लिन नहुने र त्यस्तै अन्य अनधिकृत रूपमा असुली गर्न नहुने व्यवस्थाहरूको पालना)

२६. **खर्च** (स्वीकृत बजेट, शीर्षक एवं प्रयोजनको सीमाङ्कनको पालना, खर्च स्वीकृतिमा स्थापित कार्यविधिहरूको सम्मान, खर्चमा मितव्ययिता तथा पारदर्शिता, खर्चका मानकहरूको व्यवस्था, अन्यत्रको तुलनामा पनि त्यस्ता मानकहरूको औचित्य आदि)

२७. **आयव्ययमा सुव्यवस्था** (यस भागका माथिका बुँदासमेतको लेखाजोखाका आधारमा सदस्य-मैत्री सहकारी संस्थाको मर्मस्पर्शी जनाउका रूपमा आम्दानी र खर्चको परिपाटीमा राय)

## भाग ५

## वित्तीय अवस्था

२८. **वित्तीय अनुशासन** (बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा 'पर्ल्स' विधिबमोजिमको अवस्था विश्लेषणका आधारमा सहकारी संस्थाको परिचायक विशेषताका रूपमा वित्तीय सुशासनको अवस्थामा राय)

## भाग ६

## नियामक परिपालना

२९. **लेखापालन** (ऐनको दफा ७४ बमोजिम लेखामान, खाता संरचना एवं सर्त–व्यवस्थाको पालना, विद्युतीय प्रणालीमा तादात्म्य, प्रकाशनमा अपेक्षित खुलासा आदि)

३०. **बचतको उपयोग** (ऐनको दफा ५० को उपदफा (६) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम बचत रकमको उपयोगमा लगाइएको बन्देजको पालना)

३१. **बचतमा सीमाङ्कन** (बहुउद्देश्यीय वा अन्य विषयगत सहकारी संस्थाको हकमा ऐनको दफा ५० को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लिखित मुख्य कारोबार गर्नुपर्ने व्यवस्थाको पालना र पालना नभएको भए निर्धारित अवधिभित्र पालना गरिसक्ने कार्ययोजनाको विश्वसनीयता, ऐनको दफा ५० को उपदफा (७) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम निर्धारित प्राथमिक पुँजी कोष र बचत अनुपातको पालना, ऐनको दफा ५२ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम व्यक्तिगत बचतको सीमाको पालना आदि)

३२. **अन्तरसहकारी कारोबार** (ऐनको दफा १४० वा प्रादेशिक वा स्थानीय कानुनबमोजिम अन्तरसहकारी कारोबारमा गरिएको निर्बन्धन (रेष्ट्रिक्सन) को पालना)

३३. **सञ्चालकीय लाभ** (सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिका पदाधिकारीहरूको सुविधा, कार्यकारी सञ्चालकको पारिश्रमिक तथा सुविधा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिका पदाधिकारीहरूले लिएको ऋणको रकम,आन्तरिक तथा वैदेशिक भ्रमण खर्च, ब्याजदर, पेश्की वा अन्य बक्यौता रकमको फिरिस्त)

३४. **निष्क्रिय ऋण** (ऋणको वर्गीकरण, निष्क्रिय ऋणको लगत, रकमको अनुपात, शङ्कास्पद ऋण व्यवस्था, अपलेखन आदि)

३५. **साधारण सभाको स्वीकृति** (ऐनको दफा ३८ को खण्ड (क), (च), (झ), (ञ), (ट) का साथै अन्यत्र वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम वार्षिक

कार्यक्रम तथा बजेट, आन्तरिक कार्यविधि, पारिश्रमिकलगायतका सुविधा, बाह्य दायित्व ग्रहण, सदस्यको दायित्व मिनाहासमेतमा साधारण सभाको स्वीकृति लिनुपर्ने प्रावधानको पालना)

३६. **खुद बचत रकमको वितरण** (खुद बचतको रकम कोषहरूमा छुट्ट्याउनुका साथै सेयर लाभांश वितरणमा ऐनको दफा ६८, ६९, ७० र ७१ वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाको पालना)

३७. **सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पालना** (सदस्य पहिचान तथा सम्पुष्टि, जोखिम व्यवस्थापन, सीमा तथा शङ्कास्पद कारोबारको प्रतिवेदन, कार्यान्वयन अधिकारीको व्यवस्था, आन्तरिक नीति तथा कार्यविधि आदि (सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम गोप्य रहने अभिलेखमा सामान्य तहमा प्राप्त भएको व्यवस्थापकीय जानकारीका आधारमा)

३८. **एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन (आबद्धता, सम्प्रेषणको अद्यावधीकरण, तथ्याङ्कीय अन्तर** (डिस्क्रिपेन्सी) आदि)

३९. **सघन अनुगमनबाट प्रदत्त निर्देशनको कार्यान्वयन** (कार्ययोजना, प्रगति, प्रतिवेदन)

४०. **परिपालना प्रभावकारिता** (यस भागका माथिका बुँदा एवं परिपालना कार्यान्वयन सुनिश्चित गर्न भएका सकारात्मक प्रयाससमेतको विचारमा सहकारी संस्थाको प्रक्षेपित छविसम्मत नियामक बन्दोबस्तहरूको पालना अवस्थामा राय)

## भाग ७
## निष्कर्ष

४१. **खास लेखापरीक्षकीय विषयवस्तु** (की अडिट म्याटर)

४२. **सहकारी संस्थाको कार्यसञ्चालन एवं वित्तीय अवस्थितिमा समुच्चा राय**

✪ ✪ ✪